# राष्ट्रिय मर्यादा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

संघीय संसद सचिवालय

सिंहदरवार, काठमाडौं

मितिः २०७९/१२/३

श्री महासचिव

संघीय संसद सचिवालय

**विषयः विधेयक दर्ता सम्वन्धमा**

प्रस्तुत विषयमा सरकारी एवं सार्वजनिक पदाधिकारी र राष्ट्रिय जीवनमा योगदान गरेका विशिष्ट व्यक्तिहरूको मर्यादाक्रम, अति विशिष्ट तथा विशिष्ट पदाधिकारीलाई गरिने सम्बोधन तथा राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग र अति विशिष्ट तथा विशिष्ट व्यक्तिहरूलाई सम्मान प्रकट गर्ने, सलामी दिने जस्ता विषयहरू अन्तर्सम्बन्धित भएको र यस सम्बन्धी प्रबन्धहरू विभिन्न फरक स्रोतहरूमा छरिएर रहेको (निर्देशिका,गृह मन्त्रालयद्वारा राजपत्रमा प्रकाशित सूचना, नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय आदि) तथा कतिपय विषयवस्तुमा अन्यौलता समेत पाइने गरेको परिप्रेक्ष्यमा यी विषयहरूलाई ऐनद्वारा नै प्रबन्ध गरिनुपर्ने आवश्यकता भएकोले संघीय संसद, राष्ट्रिय सभामा **"राष्ट्रिय मर्यादा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** मस्यौदा गरी दर्ताका लागि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९४ वमोजिम पेश गरेका छौं ।

माननीय गोपीबहादुर सार्की आछामी

माननीय तुल प्रसाद विश्वकर्मा

माननीय देवेन्द्र दाहाल

माननीय प्रकाश पन्थ

माननीय प्रमिला कुमारी

माननीय डा. वेदुराम भुसाल

माननीय रमेशजंग रायमाझी

माननीय शेखर कुमार सिंह

# उद्देश्य र कारण

सरकारी एवं सार्वजनिक पदाधिकारी र राष्ट्रिय जीवनमा योगदान गरेका विशिष्ट व्यक्तिहरूको मर्यादाक्रम, अति विशिष्ट तथा विशिष्ट पदाधिकारीलाई गरिने सम्बोधन तथा राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग र अति विशिष्ट तथा विशिष्ट व्यक्तिलाई सम्मान प्रकट गर्ने, सलामी दिने जस्ता विषयहरू अन्तर्सम्बन्धित भएको र यस सम्बन्धी प्रबन्धहरू विभिन्न फरक स्रोतहरूमा छरिएर रहेको (निर्देशिका, गृह मन्त्रालयद्वारा राजपत्रमा प्रकाशित सूचना, नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय आदि) र कतिपय विषयवस्तुमा अन्यौलता समेत पाइने गरेको परिप्रेक्ष्यमा यी विषयहरूलाई ऐनद्वारा नै प्रबन्ध गरिँदा व्यवस्थित हुने देखिएकोले यो विधेयक पेश गरिएको छ ।

विधेयक प्रस्तुतकर्ता सदस्यहरुको तर्फबाट

प्रकाश पन्थ
सदस्य
राष्ट्रिय सभा

३ चैत २०७९

# आर्थिक टिप्पणी

सरकारी एवं सार्वजनिक पदाधिकारी र राष्ट्रिय जीवनमा योगदान गरेका विशिष्ट व्यक्तिहरूको मर्यादाक्रम निर्धारण गर्ने, अति विशिष्ट तथा विशिष्ट व्यक्तिलाई गरिने सम्बोधन निर्धारण गर्ने तथा राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोगका साथै अति विशिष्ट तथा विशिष्ट व्यक्तिप्रति सम्मान प्रकट गर्ने, सलामी दिने जस्ता विषयमा यो विधेयक केन्द्रित रहेको र त्यस्ता पदाधिकारी तथा व्यक्तिहरूको पारिश्रमिक र सेवाको शर्त कानूनद्वारा पहिले नै व्यवस्थित रहेको हुँदा राज्यको लागि थप आर्थिक व्ययभार नपर्ने व्यहोरा सहित यो टिप्पणी पेश गरिएको छ।

विधेयक प्रस्तुतकर्ता सदस्यहरुको तर्फबाट

प्रकाश पन्थ
सदस्य
राष्ट्रिय सभा

३ चैत २०७९

# राष्ट्रिय मर्यादा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना**ः सरकारी एवं सार्वजनिक पदाधिकारी र राष्ट्रिय जीवनमा योगदान गरेका विशिष्ट व्यक्तिहरूको मर्यादाक्रम निर्धारण गर्न, अति विशिष्ट तथा विशिष्ट व्यक्तिहरूलाई गरिने सम्बोधन निर्धारण गर्न तथा राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोगका साथै अति विशिष्ट, विशिष्ट व्यक्तिलाई सम्मान प्रकट गर्ने तथा सलामी दिने जस्ता राष्ट्रिय मर्यादाका विषयलाई व्यवस्थित र मर्यादित बनाउन वाञ्छनीय भएकाले,

संघीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ**ः (१) यस ऐनको नाम "राष्ट्रिय मर्यादा सम्बन्धी ऐन, २०७९" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अति विशिष्ट व्यक्ति" भन्नाले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रतिनिधि सभाको सभामुख, राष्ट्रिय सभाको अध्यक्ष र प्रधानन्यायाधीशलाई सम्झनुपर्छ।

(ख) "कार्यालय प्रमुख" भन्नाले स्वदेश वा विदेशमा रहेको नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेका निकाय वा संघ, संस्थाका मुख्य प्रशासक सम्झनुपर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(घ) "पूर्वसांसद" भन्नाले संघीय संसदको सदस्य रही सकेको व्यक्ति सम्झनुपर्छ र सो शब्दले संविधान जारी हुनुअघि संसदको सदस्य रही सकेको व्यक्ति समेतलाई जनाउँछ ।

(ङ) "मर्यादाक्रम" भन्नाले दफा ३ बमोजिमका सरकारी एवं सार्वजनिक पदाधिकारी र राष्ट्रिय जीवनमा योगदान गरेका विशिष्ट व्यक्तिहरूको मर्यादाक्रमलाई सम्झनुपर्छ।

(च) "राष्ट्रिय गान" भन्नाले नेपालको संविधानको धारा ९ बमोजिमको नेपालको राष्ट्रिय गान सम्झनुपर्छ।

(छ) "राष्ट्रिय जीवनमा योगदान" भन्नाले नेपाल राष्ट्रको श्रीवृद्धि तथा हित अभिवृद्धिका लागि गरेको योगदान सम्झनु पर्छ र सो शब्दले राजनीति, विज्ञान, प्रविधि, प्रशासन, आविष्कार, खेलकुद, गीत, सङ्गित, कला, साहित्य, संस्कृति प्रबर्द्धन वा त्यस्तै अन्य कुनै माध्यमबाट नेपाल राज्यको इज्जत वा प्रतिष्ठा उँचो बनाउन गरेको योगदान समेतलाई सम्झनुपर्छ।

(ज) "राष्ट्रिय झण्डा" भन्नाले नेपालको संविधानको धारा ८ बमोजिमको नेपालको राष्ट्रिय झण्डा सम्झनुपर्छ।

(झ) "राष्ट्रिय धुन" भन्नाले राष्ट्रिय गानको मूल सङ्गीतबद्ध ध्वनी (ट्र्याक) लाई सम्झनु पर्छ।

(ञ) "विशिष्ट व्यक्ति" भन्नाले उपप्रधानमन्त्री, प्रदेश प्रमुख, नेपाल सरकारको मन्त्री, प्रदेश सरकारको मुख्यमन्त्री, प्रतिनिधि सभाको उपसभामुख, राष्ट्रिय सभाको उपाध्यक्ष, संघीय संसदको दलको नेता, राष्ट्रिय सभामा दलको नेता, संघीय संसदका विषयगत समितिका सभापति, मुख्य सचेतक, प्रमुख सचेतक, सचेतक, नेपाल सरकारको राज्यमन्त्री, सर्वोच्च अदालतका न्यायाधीश, संवैधानिक निकायका प्रमुख, प्रदेश सभाका सभामुख, नेपाल सरकारको सहायक मन्त्री, प्रदेश सरकारको मन्त्री, संघीय संसदका सदस्य, संवैधानिक निकायको सदस्य, महान्यायाधिवक्ता, प्रदेश सरकारको राज्यमन्त्री र प्रदेश सरकारको सहायक मन्त्रीलाई सम्झनु पर्छ।

(ट) "सार्वजनिक पदाधिकारी" भन्नाले नेपालको संविधान वा कुनै कानूनी प्रबन्धद्वारा कुनै काम वा जिम्मेवारी पूरा गर्नका लागि निर्वाचित वा नियुक्त वा मनोनीत वा तोकिएको अधिकारप्राप्त व्यक्तिलाई सम्झनु पर्छ र सो शब्दले त्यस्तो जिम्मेवारी पूरा गरी कानून बमोजिम सेवानिवृत्त भएका वा कार्यकाल सकिएका व्यक्ति समेतलाई जनाउँछ।

(ठ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

## परिच्छेद-२
## मर्यादाक्रम

३. **मर्यादाक्रम कायम हुने**: (१) सरकारी एवं सार्वजनिक पदाधिकारी तथा राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा योगदान पुर्‍याएका अति विशिष्ट तथा विशिष्ट व्यक्ति तथा महानुभावहरूको कदर एवं सम्मानका लागि अनुसूची-१ वमोजिमको मर्यादाक्रम कायम हुनेछ।

(२) संविधान वा कानून वमोजिम वा कार्यकारी निर्णयबाट कुनै व्यक्तिलाई कुनै मान, पद, पदवी वा यस्तै प्रकारको अन्य कुनै कदर प्रदान भएकोमा त्यस्तो पद वा पदवीप्राप्त व्यक्ति वा पदाधिकारीको मर्यादाक्रम नेपाल सरकारले निर्धारण गर्न सक्नेछ।

(३) उपदफा (२) वमोजिम मर्यादाक्रम निर्धारण गर्दा यस ऐन बमोजिम कायम रहेको मर्यादाक्रममा उल्लिखित सोही प्रकृतिका मान, पद, पदवी वा यस्तै प्रकारको अन्य कुनै कदरसँग एउटै क्रममा हुने गरी निर्धारण गर्नु पर्नेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन वमोजिमको मर्यादाको क्रममा फेरबदल हुने छैन।

(५) उपदफा (२) वमोजिम निर्धारण भएको मर्यादाक्रम नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

तर यस्तो मर्यादाक्रम लागू गर्नुपूर्व नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्नेछ ।

४. **मर्यादाको पालना गर्ने**: (१) नेपाल राज्य वा नेपाल सरकारका नाममा स्वदेश वा विदेशमा हुने औपचारिक वा अनौपचारिक समारोह वा प्रतिनिधिमण्डल, पत्राचार वा अन्य कुनै कामकाजमा निर्धारित मर्यादाको पालना गर्नु हरेक नागरिकको कर्तव्य हुनेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि हरेक सरकारी वा सार्वजनिक निकाय र ती निकायमा कार्यरत व्यक्तिले देहायका विषयलाई ध्यान दिनु पर्नेछः-

(क) सरकारी एवं सार्वजनिक पदाधिकारी र राष्ट्रिय जीवनमा योगदान गरेका अति विशिष्ट तथा विशिष्ट व्यक्तिको मर्यादाक्रम सम्बन्धी विषय,

(ख) राष्ट्रिय झण्डाको प्रयोग सम्बन्धी विषय,

(ग) राष्ट्रिय गानको प्रयोग सम्बन्धी विषय, र

(घ) सार्वजनिक पदाधिकारीको औपचारिक सम्बोधनमा प्रयुक्त शब्दावली सम्वन्धी विषय।

(ङ) सार्वजनिक पदाधिकारीलाई प्रदान गरिने सम्मान सम्वन्धी विषय

(३) मर्यादाको पालना गराउने सम्बन्धमा यस ऐनमा उल्लेख भएदेखि वाहेकका विषयमा तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (३) बमोजिम कुनै विषय तोकिएकोमा त्यस्तो विषय लागू गर्नुपूर्व नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

५. <u>मर्यादाक्रम सम्वन्धी अन्य व्यवस्था</u>ः (१) एउटै क्रममा रहेका पदाधिकारीको मर्यादाक्रम यस मर्यादाक्रममा उल्लेख भएको क्रम अनुसार हुनेछ।

(२) नेपाल सरकारको सेवामा पदाधिकार रहेको नेपाली राजदूत तथा महावाणिज्यदूत वा अन्य कुनै सार्वजनिक जिम्मेवारीमा रहेको व्यक्तिको मर्यादाक्रम आफ्नो पदाधिकार अनुसारको हुनेछ।

(३) प्रदेश सरकार र स्थानीय तहमा खटिएको नेपाल सरकारको अधिकृतको मर्यादाक्रम नेपाल सरकारको अधिकृत बमोजिमकै हुनेछ।

(४) यस मर्यादाक्रममा उल्लेख भएदेखि बाहेकका अन्य सेवानिवृत्त राष्ट्रसेवक वा पदाधिकारीको हकमा सम्बन्धित पदको मर्यादाक्रमको एक तह मुनीको मर्यादाक्रम कायम हुनेछ।

(५) पदाधिकारीका पति वा पत्नीलाई आमन्त्रण गरिएको औपचारिक समारोहमा निजहरूको मर्यादाक्रम सम्बन्धित पदाधिकारीको मर्यादाक्रम अनुसार नै कायम हुनेछ।

६. <u>परामर्श लिनु पर्ने</u>ः (१) यस ऐनमा उल्लेख नभएका व्यक्तिलाई कुनै समारोहमा सम्मिलित गराउनु पर्ने अवस्था परेमा वा मर्यादाक्रमका सम्बन्धमा द्विविधा भएमा त्यस्तो निकायले नेपालीको हकमा गृह मन्त्रालय र विदेशीको हकमा परराष्ट्र मन्त्रालयसँग परामर्श लिनु पर्नेछ।

(२) उपदफा (१) वमोजिम परामर्श माग भएकोमा प्रयोजनको औचित्य र अवश्यकता समेतलाई मध्यनजर गरी निर्णय गर्नु पर्ने भएमा शीघ्र निर्णय गरी, गराई यथाशक्य छिटो परामर्श प्रदान गर्नु पर्नेछ।

## परिच्छेद-३
## औपचारिक सम्बोधन

७. **औपचारिक सम्बोधन सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा २ को खण्ड (क) वमोजिमका अति विशिष्ट पदाधिकारीलाई निजको पदभन्दा अघि सम्माननीय भन्ने शब्दले सम्वोधन गरिनेछ र

(२) ऐनको दफा २ को खण्ड (ञ) वमोजिमका विशिष्ट पदाधिकारीलाई निजको पदभन्दा अघि माननीय भन्ने शब्दले सम्वोधन गरिनेछ ।

(३) पूर्वअतिविशिष्ट पदाधिकारी, संविधान सभाका अध्यक्ष, संविधान सभाका उपाध्यक्ष र संविधान सभाका सदस्यलाई माननीय भन्ने शब्दले सम्वोधन गरिनेछ ।

(४) देहायका पदाधिकारीलाई निजको पदभन्दा अघि महामहिम भन्ने शब्द प्रयोग गरिनेछः-

(क) विदेशी राष्ट्रप्रमुख,

(ख) नेपाली राजदूत,

(ग) नेपालस्थित विदेशी राजदूत,

(घ) संयुक्त राष्ट्र संघका महासचिव, सार्कका महासचिव र अन्तरसरकारी, क्षेत्रीय सङ्गठनका प्रमुख पदाधिकारी,

(ङ) नेपालस्थित विदेशी कन्सुल जनरल, र

(च) नेपाल सरकारले तोके वमोजिमका अन्य पदाधिकारी।

(४) यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१), (२) र (३) मा उल्लिखित पद वा पदाधिकारी सरह सुविधा पाउने गरी नियुक्ति वा मनोनयन भएका आधारमा वा नियुक्तिको समान योग्यताका आधारमा नियुक्ति वा मनोनयन हुने पद वा पदाधिकारीलाई यस दफा वमोजिम सम्बोधन गरिने छैन।

८. **सम्बोधन गरिनेः** दफा ७ वमोजिमका बहालवाला पदाधिकारीहरूलाई कुनै पनि औपचारिक सभा, समारोह, पत्राचार र शिष्टाचारमा सम्बोधन गर्दा निज बहाल रहेको पदभन्दा अघि सो दफाद्वारा निर्धारित शब्दको प्रयोग गरी सम्वोधन गरिनेछ

## परिच्छेद-४

## राष्ट्रिय झण्डाको प्रयोग

९. <u>राष्ट्रिय झण्डाको प्रयोग</u>ः (१) नेपालको संविधानको धारा ८ वमोजिमको नेपालको राष्ट्रिय झण्डा यस परिच्छेदमा उल्लेख भएदेखि वाहेकका कुनै पनि व्यक्ति वा संस्थाले निजी स्वार्थका लागि प्रयोग गर्नु, गराउनु हुँदैन।

(२) संविधान वमोजिमका अधिकारप्राप्त अधिकारी, निकाय वा नेपाल राज्यको प्रतिनिधित्व हुने सरकारी वा सार्वजनिक निकायले स्वदेशमा वा विदेशमा राष्ट्रिय झण्डाको प्रयोग गर्दा अनुसूची-२ वमोजिम सोको आकारको मापदण्डलाई समेत आधार लिनु पर्नेछ।

(३) अतिविशिष्ट व्यक्ति, प्रदेश प्रमुख, नेपाल सरकारको मन्त्री, प्रदेश सरकारको मुख्यमन्त्री, प्रतिनिधि सभाको उपसभामुख, राष्ट्रिय सभाको उपाध्यक्ष, प्रदेश सभाका सभामुख, प्रदेश सरकारको मन्त्रीले आफु सवार सवारी साधनमा राष्ट्रिय झण्डाको प्रयोग गर्न पाउने छन् ।

<u>स्पष्टिकरणः</u> यस दफाको प्रयोजनका लागि मन्त्री भन्नाले उपप्रधानमन्त्री, राज्यमन्त्री र सहायक मन्त्री समेतलाई जनाउँछ ।

(४) नेपाल राज्यका अति विशिष्ट तथा विशिष्ट पदाधिकारीका कार्यालय र अन्य सरकारी निकायको कार्यालय भवन वा परिसरमा राष्ट्रिय झण्डा फहराई राख्नु पर्नेछ।

(५) उपदफा (४) वमोजिम परिसरमा राष्ट्रिय झण्डा राख्नु पर्ने कार्यालय अनुसूची-४ मा उल्लेख भए वमोजिम हुनेछन्।

(६) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै भवनभित्र एकभन्दा बढी सरकारी कार्यालयहरू रहेमा एउटा मात्र राष्ट्रिय झण्डा राख्न सकिनेछ।

(७) उपदफा (५) मा लेखिएदेखि बाहेकका अन्य सरकारी कार्यालय र कानून बमोजिम स्थापना भएका संघ, संस्थाले आफ्नो कार्यालय परिसरभित्र अनुसूची-२ मा उल्लेख भए बमोजिमको राष्ट्रिय झण्डा राख्न सक्ने छन्।

(८) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अति विशिष्ट तथा विशिष्ट व्यक्तिले आफू बस्ने गरेको सरकारी, निजी वा भाडाको भवन परिसरभित्र राष्ट्रिय झण्डा राख्न पाउने छन्।

१०. **राष्ट्रिय झण्डाको प्रयोग गर्ने विधिः** (१) यस ऐन बमोजिमका भवन परिसरहरूमा राखिने राष्ट्रिय झण्डाहरू प्रत्येक दिन सूर्योदय भएको ५ मिनेटभित्र चढाइसक्नु पर्ने तथा सूर्यास्त हुनासाथ ओह्राली सक्नु पर्नेछ।

तर स्थायी प्रकृतिको पोल वा स्ट्याण्डमा स्थायी तवरले राखिने राष्ट्रिय झण्डा हरेक दिन चढाउन र ओराल्न यस उपदफाले बाध्य पारेको मानिने छैन।

(२) राष्ट्रिय झण्डाको प्रयोग गर्ने विधि अनुसूची-४ मा उल्लेख भए वमोजिम हुनेछ।

(३) राष्ट्रिय झण्डा फहराउने विधि तोकिए वमोजिम हुनेछ।

११. **राष्ट्रिय झण्डाको मर्यादा र सम्मानमा आँच नआउने गरी प्रयोग गर्नु पर्नेः** (१) राष्ट्रिय झण्डाको प्रयोग सम्बन्धमा राष्ट्रिय झण्डाको मर्यादा र सम्मानमा आँच नआउने गरी सर्वसाधारण नागरिकले समेत निजी निवासमा राष्ट्रिय झण्डा फहराउन वा प्रयोग गर्न पाउने छन्।

(२) राष्ट्रिय झण्डा फहराउने सम्पूर्ण निकाय तथा नागरिकहरूले समेत नेपाल सरकारले शोक घोषणा गरेको दिनमा अनिवार्य रूपमा राष्ट्रिय झण्डा झुकाउनु पर्नेछ।

१२. **राष्ट्रिय झण्डाको प्रयोग सम्बन्धी अन्य व्यवस्थाः** (१) संवैधानिक निकाय तथा सरकारी कार्यालय प्रमुखको कार्यकक्षभित्र अनुसूची-२ मा उल्लेख भए बमोजिमको राष्ट्रिय झण्डा संवैधानिक निकाय वा सरकारी कार्यालय प्रमुख बस्ने कुर्सीको दायाँपट्टि राख्नु पर्नेछ।

(२) उपदफा (१) मा उल्लिखित व्यक्ति बाहेक कानून बमोजिम स्थापना भएका संघ, संस्थाका प्रमुखले समेत आफ्नो कार्यकक्षभित्र उपदफा (१) बमोजिम राष्ट्रिय झण्डा राख्न सक्ने छन्।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी राष्ट्राध्यक्ष वा सरकार प्रमुख नेपालमा अतिथि भई बसेको भवन, विदेशस्थित नेपाली राजदूत र अन्य कुटनीतिक नियोग प्रमुखको निजी निवासमा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेका संघ, संस्थाले प्रयोग गरे सरहको अनुसूची-२ वमोजिमको राष्ट्रिय झण्डा राख्नु पर्नेछ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाली राजदूत र अन्य नियोगका प्रमुखले प्रयोग गर्ने सवारी साधनमा राष्ट्रिय झण्डा प्रयोग गर्दा सम्बन्धित मुलुकको प्रचलन अनुसार गर्न सक्नेछन्।

(५) सरकारी कार्यालय भवनभित्र र बाहिर तथा आवास भवनहरूमा प्रयोग गरिने राष्ट्रिय झण्डा हरेक वर्षको संविधान दिवस र नयाँ वर्षको अवसरमा अनिवार्य रूपमा नयाँ फेर्नु पर्नेछ।

तर राष्ट्रिय झण्डा च्यातिएमा, बिग्रेमा, रंग उडेमा वा अन्य कारणले अशोभनीय देखिएमा यस ऐनको अधीनमा रही जुनसुकै समयमा पनि फेर्न सकिनेछ।

(६) राष्ट्रिय पर्वहरूमा तथा विदेशी पाहुनाहरू नेपाल आउँदा र जाँदा सहर तथा सडक किनारमा राखिने राष्ट्रिय झण्डा आवश्यकता हेरी सामान्यतः वर्षको एक पटक नयाँ बनाउने वा फेर्ने काम सम्बन्धित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा जिल्ला सदरमुकामस्थित गाउँपालिकाको हुनेछ।

(७) राष्ट्रिय झण्डाको रङ्ग र कपडामा एकरूपता ल्याउन प्रमुख जिल्ला अधिकारीले आवश्यकतानुसार अनुगमन गरी व्यवस्था मिलाउनेछ।

(८) यस ऐन बमोजिम राष्ट्रिय झण्डाको प्रयोग गर्ने, गराउने दायित्व सम्बन्धित निकायको प्रमुख वा कार्यालय प्रमुखको हुनेछ।

(९) विदेशी पाहुनाहरूसँग हुने बैठक समारोहमा प्रयोग हुने राष्ट्रिय झण्डाको व्यवस्थापन परराष्ट्र मन्त्रालयसँग समन्वय गरी सम्बन्धित निकायले गर्नेछ।

(१०) आफ्नै लोगो र झण्डा प्रयोग गर्ने संवैधानिक निकाय, सुरक्षा निकाय र यस्तै प्रकृतिका अन्य सार्वजनिक निकायहरूको वार्षिकोत्सव, दीक्षान्त कवाज लगायतका औपचारिक समारोहमा राष्ट्रिय झण्डाको साथै विभागीय झण्डा प्रयोग गर्न सक्ने छन्।

तर विभागीय झण्डा राष्ट्रिय झण्डा अग्लो र ठूलो हुन सक्नेछैन ।

(११) यस ऐनमा उल्लेख नभएको तर राष्ट्रिय झण्डाको प्रयोग गर्न पाउने नेपाल सरकारले प्रयोग गरेका भवनहरूमा दफा ९ को उदफा (४) वमोजिम राष्ट्रिय झण्डा प्रयोग गरिनेछ।

१३. <u>राष्ट्रिय झण्डाको प्रयोगमा निषेधः</u> राष्ट्रिय झण्डाको प्रयोगमा देहायका कार्यहरू गर्न निषेध गरिएको छः-

(क) राष्ट्रिय झण्डाको अपमान हुने किसिमको कुनै पनि कार्य गर्न वा गराउन,

(ख) राष्ट्रिय झण्डा उल्टो (चन्द्रमा तल पर्ने गरी) राख्न,

(ग) राष्ट्रिय झण्डा च्यात्न, जलाउन, फ्याँक्न, कुनै सामान पोको पार्न,

तर राष्ट्रिय झण्डा च्यातिएमा, बिग्रेमा, रङ्ग उडेमा वा विशेष अवसरमा फेरिएको अवस्थामा पहिले राखिएको राष्ट्रिय झण्डालाई रितपूर्वक व्यवस्थापन गर्न यस खण्डले बाधा पुऱ्याएको मानिनेछैन।

(घ) व्यापारिक प्रयोजनका लागि विज्ञापनको उद्देश्यले राष्ट्रिय झण्डाको दुरूपयोग गर्न,

(ङ) व्यक्तिले आफ्नो शरीरमा राष्ट्रिय झण्डाको प्रतीक टाँस्दा, छाप्दा वा लगाउँदा कम्मरभन्दा माथिको भाग बाहेक अन्यत्र लगाउन वा यसरी प्रयोग गर्दा चन्द्रमा तल पर्ने गरी लगाउन,

(च) शरीरको छातीभन्दा तलको भागमा लगाइने कुनै पनि भित्री/बाहिरी कपडामा राष्ट्रिय झण्डाको प्रतीक/चित्र राख्न, वा

(छ) फहराउने प्रकृतिको (राष्ट्रिय झण्डा ओह्रालेर राख्दा बाहेक) कार्यमा बाहेक अन्यत्र राष्ट्रिय झण्डाको प्रयोग गर्न।

## परिच्छेद-५
## राष्ट्रिय गान

१४. <u>राष्ट्रिय गानको प्रयोग</u>ः (१) राष्ट्रिय उत्सव, विभिन्न औपचारिक कार्यक्रम, विभागीय (फौजी) सामेली, सैन्य सम्मान, विद्यार्थी प्रार्थना, खेलकुद समारोह, रेडियो र टेलिभिजनमा राष्ट्रिय गानको प्रयोग अनिवार्यरूपमा गर्नु पर्नेछ।

(२) राष्ट्रिय गानको प्रयोग सम्वन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ।

१५. <u>राष्ट्रिय गानको सम्मान</u>ः (१) औपचारिक तथा विशेष समारोह र नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका कुनै पनि निकाय वा कार्यालय, गैरसरकारी संघ, संस्था तथा कुटनीतिक नियोगहरूले आयोजना गरेका औपचारिक कार्यक्रमहरूमा राष्ट्रिय गान गाउँदा वा राष्ट्रिय धुन बजाउँदा अति विशिष्ट तथा विशिष्ट व्यक्ति वा सार्वजनिक ओहोदामा पदाधिकार रहेका वा नरहेका सर्वसाधारण सबैले हात तल झारी, खुट्टाका कुर्कुच्चा जोडी अगाडिका औंलातिरका दुई खुट्टाले V आकार बनाएर सतर्क अवस्थामा उभिएर शीर ठाडो गरी, छाती फराकिलो पारी उच्च र उल्लासपूर्ण आवाजमा राष्ट्रिय गान गाउनु पर्नेछ।

तर अपाङ्गता भएका व्यक्तिको हकमा निजको शारीरिक अवस्था अनुसार सम्मान प्रकट गर्न यस दफाले बाधा पुऱ्याएको मानिनेछैन।

(२) उपदफा (१) बमोजिम राष्ट्रिय गान गाउँदा वा राष्ट्रिय धुन बजाउँदा सुरक्षा निकायका राष्ट्रसेवकहरूले विभागीय प्रचलन अनुसार उचित सम्मान प्रकट गर्नु पर्नेछ।

(३) विभिन्न राष्ट्रिय दिवसहरूमा सम्मान अर्पण गर्दा र अति विशिष्ट तथा विशिष्ट व्यक्तिहरूलाई राजकीय सम्मानका साथ अन्तिम सलामी प्रदान गर्दाको समयमा राष्ट्रिय धुन बजाउँदा उपदफा (१) र (२) बमोजिम सम्मान गर्नु पर्नेछ।

(४) व्यक्तिगतरूपमा सार्वजनिक स्थलहरूमा यात्रा गर्दाको समयमा कुनै पनि माध्यमबाट राष्ट्रिय गान तथा धुन बजाए वा गाएको अवस्थामा बाहेक विभिन्न समारोह तथा कार्यक्रमको दिन राष्ट्रिय गान तथा धुन बज्दा उपदफा (१) र (२) बमोजिम सम्मान प्रकट गर्नु पर्नेछ।

१६. <u>राष्ट्रिय धुन</u>: (१) संघीय संसदका सभा, प्रदेश सभाका बैठक शुरु हुनुअघि राष्ट्रिय धुन बजाइनेछ।

(२) राष्ट्रिय धुन बज्दा वा बजाउँदा राष्ट्रिय गान सरहकै सम्मान प्रकट गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम राष्ट्रिय धुनको प्रयोग गर्दा राष्ट्रिय गानमा प्रयोग भएको संगीतबद्ध मूल धुन (ट्र्याक) लाई बजाइनेछ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि सुरक्षा निकायका कार्यक्रममा राष्ट्रिय धुनको प्रयोग गर्दा राष्ट्रिय गानको मूल धुनसँग मिल्ने गरी आफ्नै फौजी व्याण्डको प्रयोग गरी बजाउन सकिनेछ।

## परिच्छेद-६

## सम्मान र सलामी

१७. <u>सम्मान प्रकट गर्नु पर्ने</u>: (१) राष्ट्रपतिको पद वहाली र पदबाट विदाई गर्दाको अवस्थामा नेपाली सेनाले २१ तोपको सलामी दिई यथोचित सम्मान प्रकट गर्नेछ।

(२) संवैधानिक एवं सार्वजनिक ओहदामा बहाल रहेका पदाधिकारी र नेपाल राज्यसँग दौत्य सम्बन्ध भएका मित्रराष्ट्रका राष्ट्राध्यक्ष वा सरकार प्रमुखको औपचारिक भ्रमणका क्रममा नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल नेपालद्वारा सलामी दिई यथोचित सम्मान प्रकट गर्नेछ।

(३) यस ऐन बमोजिमका अति विशिष्ट व्यक्ति राजकीय भ्रमणमा विदेश प्रस्थान गर्नुअघि र त्यस्तो भ्रमण सम्पन्न भई स्वदेश फर्कँदा सलामी दिइनेछ।

(४) राष्ट्रियस्तरमा मनाइने दिवस तथा अन्य समारोह वा राष्ट्रप्रमुखको विशेष सम्बोधनको क्रममा वा राष्ट्रपति वा अन्य विशिष्ट व्यक्तिको उपस्थितिको अन्य अवसरमा सलामी दिन सकिनेछ।

(५) यस दफामा उल्लेख भएदेखि बाहेक सलामी दिने र सलामी ग्रहण गर्ने अन्य पदाधिकारीहरूका सम्बन्धमा र सो सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. <u>अन्तिम सम्मान प्रकट गरिने</u>ः (१) सरकार प्रमुख वा संवैधानिक एवं सार्वजनिक ओहदामा बहाल रहेका पदाधिकारीको निधनमा अन्तिम सम्मानस्वरूप नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल नेपालद्वारा सलामी अर्पण गरी अन्तिम सम्मान र शोक प्रकट गरिनेछ।

(२) पदमा बहाल रहेका राष्ट्रपतिको निधन भएकोमा अन्तिम सलामीको क्रममा एक्काइस तोपको सलामी दिई तीन दिन सार्वजनिक विदा दिइने र उक्त अवधिभर राष्ट्रिय झण्डा आधा झुकाइनेछ।

(३) राष्ट्रपति बाहेकका अति विशिष्ट पदमा बहाल रहेका व्यक्तिको निधन भएकोमा अन्तिम सलामीको क्रममा उन्नाइस तोपको सलामी दिई एक दिन सार्वजनिक विदा दिइने र उक्त अवधिभर राष्ट्रिय झण्डा आधा झुकाइनेछ।

(४) पदमा वहाल रहेका नेपाल सरकारका उपप्रधानमन्त्री, उपसभामुख, राष्ट्रिय सभाका उपाध्यक्ष, नेपाल सरकारका मन्त्री, राज्यमन्त्री, सर्वोच्च अदालतका न्यायाधीश, संवैधानिक निकायका प्रमुख, सहायक मन्त्रीको निधन भएकोमा अन्तिम सलामी दिई एक दिन सार्वजनिक विदा दिइने र उक्त अवधिभर राष्ट्रिय झण्डा आधा झुकाइनेछ।

(५) पदमा बहाल रहेका संघीय संसदका सदस्य, नेपाल सरकारका मुख्य सचिव, संघीय संसदका महासचिव, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार, प्रधानसेनापति एवं सरकारी सेवामा बहाल रहेका विशिष्ट श्रेणीका पदाधिकारीको निधन भएमा अन्तिम सलामी अर्पण गरी सम्बन्धित निकाय र सो मातहतका निकायमा एक दिन राष्ट्रिय झण्डा आधा झुकाइनेछ।

(६) पदमा बहाल रहेका संघीय संसदका सदस्यको निधन भएकोमा तत्पश्चात्को प्रतिनिधि सभा र राष्ट्रिय सभाको बैठकमा शोक प्रस्ताव पारित गरी सो दिनको बैठक स्थगित गरिनेछ।

तर पूर्वसांसदको निधन भएकोमा निधनको जानकारी प्राप्त भएपछिको बैठकको अन्त्यमा शोक प्रस्ताव पारित गर्न सकिनेछ ।

(७) उपदफा (६) बमोजिम शोक प्रस्ताव पारित भएकोमा त्यस्तो शोक प्रस्तावको व्यहोरा उल्लेख गरी सम्बन्धित परिवारको निकट सदस्य समक्ष प्रेषित गरिनेछ।

(८) नेपाल राज्यसँग दौत्य सम्बन्ध भएका मित्रराष्ट्रका राष्ट्राध्यक्ष वा सरकार प्रमुखको निधनमा नेपाल सरकारले निर्णय गरी आवश्यकतानुसार सम्मान र शोक प्रकट गर्न सक्नेछ ।

(९) तत्काल पदमा बहाल नरहेका पूर्व अतिविशिष्ट तथा विशिष्ट पदाधिकारी एवं राष्ट्रिय जीवनमा योगदान पुर्‍याएका महानुभावको निधन भएकोमा नेपाल सरकारले निर्णय गरी आवश्यकतानुसार सम्मान र शोक प्रकट गर्न सक्नेछ।

(१०) यस दफामा उल्लेख भएदेखि बाहेक नेपाल सरकार अन्तर्गतका केन्द्रीय निकायले निर्णय गरी आफ्ना बहालवाला वा पूर्वपदाधिकारीको निधनमा सम्बन्धित निकाय र मातहतका कार्यालयमा लागू हुने गरी सलामी अर्पण गर्न वा सम्मान एवं शोक घोषणा गर्न सक्नेछन्।

(११) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि पदमा बहाल रहेका प्रदेशप्रमुख, मुख्यमन्त्री, प्रदेश सभामुख वा प्रदेश तहका अन्य पदाधिकारीको निधन भएकोमा सम्मान र शोक प्रकट गर्ने सम्बन्धमा सम्बन्धित प्रदेशले आवश्यक कानून बनाउन वा निर्णय गर्न सक्नेछ।

१९. <u>शोक प्रकट गर्न सकिने</u>: नेपालसँग दौत्य सम्बन्ध कायम भएका विदेशी मित्रराष्ट्रका राष्ट्राध्यक्ष वा सरकार प्रमुखको निधन भएकोमा नेपाल सरकारको निर्णय बमोजिम सम्मान र शोक प्रकट गर्न वा शोक सन्देश पठाउन सक्नेछ।

## परिच्छेद-७

## कसुर र सजाय

२०. <u>कसुर गरेको मानिने</u>: (१) राष्ट्रिय झण्डा, राष्ट्रिय गान र मर्यादाक्रमको अपमान हुने गरी, निजी उद्देश्य प्राप्तिका लागि वा गलत अर्थ प्रवाह हुने गरी असान्दर्भिक तवरले राष्ट्रिय झण्डा, राष्ट्रिय गान र मर्यादाक्रमको प्रयोग गर्न हुँदैन।

(२) उपदफा (१) विपरीत कार्य गरेमा यस ऐन वमोजिम कसुर गरेको मानिनेछ।

२१. <u>सजाय</u>ः (१) कसैले यस ऐन बमोजिमको कुनै कार्य नगरेमा वा ऐन बमोजिमको काम गर्न बाधा अवरोध सिर्जना गरेमा सम्वन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले त्यस्तो व्यक्तिलाई पहिलो पटक भए सम्झाई, बुझाई आगामी दिनमा यसो नगर्न सुझाउने छ।

(२) कुनै व्यक्तिले उपदफा (१) वमोजिम सम्झाई, बुझाई गरिसकेपछि पनि पुनः सोही कसुर गरेमा कसुरको गाम्भीर्यता हेरी दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(३) उपदफा (१) वमोजिम कसुर गर्ने व्यक्तिलाई आफू समक्ष उपस्थित हुन सूचना दिँदा स्वयं उपस्थित नभएमा प्रमुख जिल्ला अधिकारीले कसुर गर्ने व्यक्ति रहेको क्षेत्रको प्रहरी कार्यालयलाई निजलाई नियन्त्रणमा लिई उपस्थित गराउन आदेश दिन सक्नेछ।

तर यस ऐन विपरीतको कसुर गरेको आधारमा मात्र कसैलाई थुनामा भने राखिने छैन।

२२. <u>विभागीय सजाय हुने</u>ः (१) सरकारी सेवामा रहेको कर्मचारीले दफा २० वमोजिमको कसुर गरेमा निजलाई प्रमुख जिल्ला अधिकारीले विभागीय कारबाहीका लागि सम्वन्धित निकायमा लेखी पठाउनेछ।

(२) सरकारी सेवामा रहेका कर्मचारी बाहेकका सार्वजनिक पद धारण गरेका व्यक्तिले दफा २० बमोजिमको कसुर गरेमा सम्बन्धित निकायमा अभिलेख रहने गरी प्रमुख जिल्ला अधिकारीले लेखी पठाउनेछ।

२३. <u>पुनरावेदन</u>ः दफा २० बमोजिमको कसुरमा प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद-८

## विविध

२४. <u>राष्ट्रिय झण्डा, राष्ट्रिय गान र मर्यादाक्रमको सम्मान गर्नु पर्ने</u>ः राष्ट्रिय झण्डा, राष्ट्रिय गान र मर्यादाक्रमको सम्मान गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ।

२५. <u>आधार मान्नु पर्ने</u>ः सार्वजनिक ओहोदामा बहाल रहेका पदाधिकारी वा पदसोपानमा आधारित सरकारी सेवामा बहाल रहेका पदाधिकारीहरूले पाउने सुविधा निर्धारण गर्दा यस ऐन वमोजिमको मर्यादाक्रमलाई आधार लिनु पर्नेछ।

२६. <u>गृह मन्त्रालयको स्वीकृति बमोजिम हुने</u>ः यस ऐनमा उल्लिखित राष्ट्रिय गान र राष्ट्रिय झण्डाको प्रयोग तथा सम्मान र सलामी सम्बन्धमा उल्लेख नभएको अन्य अवस्थाका सम्बन्धमा गृह मन्त्रालयको सूचना, स्वीकृति वा परामर्श बमोजिम हुनेछ।

२७. <u>अनुगमन गर्ने</u>ः (१) प्रमुख जिल्ला अधिकारीले आफ्नो क्षेत्रभित्र यस ऐन बमोजिम राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग भए, नभएको सम्बन्धमा नियमित रूपमा अनुगमन गर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्ने क्रममा कसैले राष्ट्रिय झण्डाको मर्यादा विपरीत प्रयोग गरेको पाइएमा प्रमुख जिल्ला अधिकारीले मर्यादा अनुसार प्रयोग गर्न लगाउन वा सोको प्रयोगमा रोक लगाउन सक्नेछ।

२८. <u>ऐन कार्यान्वयन मापन</u>ः यो ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र तत्पश्चात प्रत्येक पाँच वर्ष पूरा भएको एक वर्षभित्र गृह मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन संघीय संसदको दुवै सदनको सम्बन्धित समितिमा पेश गर्नु पर्नेछ ।

२९. <u>नियम बनाउन सक्ने</u>: यो ऐनको कार्यान्वयनका लागि नेपाल सरकारले आवश्यक नियम बनाई लागू गर्नेछ ।

३०. <u>बचाउ</u>ः यो ऐन प्रारम्भ हुनुअघि कायम रहेको मर्यादाक्रम, राष्ट्रिय गान, राष्ट्रिय झण्डाको प्रयोग र अति विशिष्ट तथा विशिष्ट पदाधिकारीको सम्बोधनमा प्रयुक्त शब्दावली यसै ऐन वमोजिम भए गरेको मानिनेछ।

**अनुसूची -१**

(दफा ३ सँग सम्बन्धित)

**मर्यादाक्रम**

| | |
|---|---|
| १. | राष्ट्रपति |
| २. | उपराष्ट्रपति |
| ३. | प्रधानमन्त्री |
| ४. | प्रतिनिधि सभाको सभामुख, राष्ट्रिय सभाको अध्यक्ष |
| ५. | प्रधानन्यायाधीश |
| ६. | पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, मन्त्रीपरिषद्को पूर्वअध्यक्ष, संविधान सभाको अध्यक्ष, प्रतिनिधि सभाको पूर्वसभामुख, राष्ट्रिय सभाको पूर्वअध्यक्ष, व्यवस्थापिका-संसदको पूर्वसभामुख, पूर्वप्रधानन्यायाधीश, |
| ७. | प्रदेश प्रमुख (आफ्नो प्रदेशभित्र), उपप्रधामन्त्री, प्रतिनिधि सभाको उपसभामुख, राष्ट्रिय सभाको उपाध्यक्ष, प्रदेश प्रमुख (आफ्नो प्रदेश वाहिर), मुख्यमन्त्री (आफ्नो प्रदेशभित्र) |
| ८. | नेपाल सरकारको मन्त्री, प्रतिनिधि सभाको विपक्षी दलको नेता, राष्ट्रिय सभाको सत्ता पक्ष दलको नेता, राष्ट्रिय सभाको विपक्षी दलको नेता, प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने अन्य दलको नेता, राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने अन्य दलको नेता |
| ९. | मुख्यमन्त्री (आफ्नो प्रदेश वाहिर), संघीय संसदको विषयगत समितिको सभापति, प्रतिनिधि सभाको मुख्य सचेतक, राष्ट्रिय सभाको मुख्य सचेतक, प्रतिनिधि सभाको विपक्षी दलका प्रमुख सचेतक, राष्ट्रिय सभाको विपक्षी दलको प्रमुख सचेतक, प्रतिनिधि सभा र राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने अन्य दलका प्रमुख सचेतक, प्रतिनिधि सभा र राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने दलको सचेतक, प्रदेश सभाको सभामुख, पूर्वउपप्रधान्मन्त्री, संविधान सभाको उपाध्यक्ष, पूर्वउपसभामुख, राट्रिय सभाको पूर्वउपाध्यक्ष, पूर्वप्रदेश प्रमुख |
| १०. | नेपाल सरकारको राज्यमन्त्री, सर्वोच्च अदालतको न्यायाधीश, न्याय परिषद्को सदस्य, संवैधानिक निकायको प्रमुख, नेपाल सरकारको पूर्वमन्त्री, पूर्वमुख्यमन्त्री, संघीय संसदका पूर्वपदाधिकारी (नेता, सभापति, सचेतक), प्रदेश सभाको पूर्वसभामुख, नेपाल रत्न पाउने महानुभाव |
| ११. | नेपाल सरकारको सहायक मन्त्री, संघीय संसदको सदस्य, सवैधानिक निकायको सदस्य, महान्यायाधिवक्ता, राष्ट्रिय योजना आयोगको उपाध्यक्ष |
| १२. | प्रदेश सरकारको मन्त्री, प्रदेश सभाको उपसभामुख, उच्च अदालतको मुख्य न्यायाधीश, नेपाल सरकारको पूर्वराज्यमन्त्री, नेपाल सरकारको पूर्वसहायक मन्त्री, संविधान सभाको सदस्य, पूर्वसांसद |
| १३. | नेपाल सरकारको मुख्य सचिव, संघीय संसदको महासचिव, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार, प्रधानसेनापति |

| | |
|---|---|
| १४. | प्रदेश सभाको विपक्षी दलको नेता, प्रदेश सभामा प्रतिनिधित्व गर्ने अन्य दलको नेता, प्रदेश सभाको विषयगत समितिको सभापति, प्रदेश सभाको मुख्य सचेतक, प्रदेश सभाको विपक्षी दलको प्रमुख सचेतक, प्रदेश सभामा प्रतिनिधित्व गर्ने अन्य दलको प्रमुख सचेतक, प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलको सचेतक, नेपाल राष्ट्र बैंकको गभर्नर, राष्ट्रिय योजना आयोगको सदस्य, नेपाल प्रज्ञा प्रतिष्ठानको कूलपति, प्रधानमन्त्री कूलपति र शिक्षामन्त्री सहकूलपति हुने बाहेकका विश्वविद्यालयका कूलपति, अध्यक्ष र सहकूलपति, विश्वविद्यालयको उपकूलपति |
| १५. | प्रदेश सरकारको राज्यमन्त्री, प्रदेश सरकारको सहायक मन्त्री, प्रदेश सभा सदस्य, प्रदेश लोक सेवा आयोगको अध्यक्ष, प्रदेश सरकारको पूर्वमन्त्री, प्रदेश सभाको पूर्वउपसभामुख, जिल्ला समन्वय समितिको प्रमुख, महानगरपालिका प्रमुख (आफ्नो महानगरभित्र) |
| १६. | नेपाल सरकारको सचिव, प्रतिनिधि सभा/राष्ट्रिय सभाको सचिव, सर्वोच्च अदालतको रजिष्ट्रार, नायब महालेखा परीक्षक, नायब महान्यायाधिवक्ता, महालेखा नियन्त्रक, राष्ट्र गौरब पाउने महानुभाव, नेपाली राजदूत, नेपालस्थित विदेशी राजदूत, सार्कका महासचिव, नेपालस्थित संयुक्त राष्ट्रसंघका आवासीय प्रतिनिधि, प्रदेश लोक सेवा आयोगको सदस्य, रथी, प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक |
| १७. | प्रदेश सरकारको प्रमुख सचिव, प्रदेश सभाको सचिव, उच्च अदालतको न्यायाधीश, नेपाल प्रज्ञा प्रतिष्ठानको उपकूलपति, विश्वविद्यालयको प्राध्यापक, उपरथी, प्रहरी अतिरिक्त महानिरीक्षक, शसस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागको अतिरिक्त अनुसन्धान निर्देशक, मुख्य न्यायाधिवक्ता, प्रदेश योजना आयोगको उपाध्यक्ष, प्रदेश योजना आयोगको सदस्य, प्रदेश सरकारको पूर्वराज्यमन्त्री, प्रदेश सरकारको पूर्वसहायक मन्त्री, प्रदेश सभाको पूर्वसदस्य |
| १८. | जिल्ला समन्वय समितिको उपप्रमुख, महानगरपालिका प्रमुख (आफ्नो महानगर वाहिर), जिल्ला समन्वय समितिको सदस्य, उपमहानगरपालिका प्रमुख, महानगरपालिका उपप्रमुख, नगरपालिका प्रमुख, उपमहानगरपालिका उपप्रमुख, गाउँपालिका अध्यक्ष, नगरपालिका उपप्रमुख |
| १९. | नेपाल सरकारको सहसचिव एवं राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको अधिकृत, प्रदेश सरकारको सचिव, जिल्ला न्यायाधीश, सहायक रथी, प्रहरी नायब महानिरीक्षक, सशस्त्र प्रहरी नायब महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागको अनुसन्धान निर्देशक, नेपालस्थित विदेशी कन्सुल जनरल, विश्वविद्यालयका सहप्राध्यापक, महासेनानी, प्रहरी वरिष्ठ उपरीक्षक, सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका सहअनुसन्धान निर्देशक, प्रदेश सरकार तथा स्थानीय तहबाट नियुक्त राजपत्राङ्कित प्रथम श्रेणीको तहमा कार्यरत अधिकृत, माध्यमिक तह प्रथम श्रेणीका शिक्षक, सार्वजनिक संस्थानका प्रमुख कार्यकारी |

| | |
|---|---|
| २०. | गाउँपालिका उपाध्यक्ष, नेपाल सरकारको उपसचिव एवं राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको अधिकृत, प्रमुख सेनानी, प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागको उपअनुसन्धान निर्देशक, विश्वविद्यालयका उपप्राध्यापक, सेनानी, प्रहरी नायब उपरीक्षक, सशस्त्र प्रहरी नायब उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागकको प्रमुख अनुसन्धान अधिकृत, प्रदेश सरकार तथा स्थानीय तहले नियुक्त गरेको राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको तहमा कार्यरत अधिकृत, माध्यमिक तह द्वितीय श्रेणीको शिक्षक |
| २१. | वडाध्यक्ष, नगर कार्यपालिका सदस्य, गाउँ कार्यपालिका सदस्य, स्थानीय तहका पूर्व पदाधिकारी |
| २२. | नेपाल सरकारको शाखा अधिकृत एवं राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको अधिकृत, सहसेनानी, विश्वविद्यालयका सहायक प्राध्यापक, उपसेनानी, प्रहरी निरीक्षक, सशस्त्र प्रहरी निरीक्षक, राष्ट्रिय अनुसन्धान विभागको अनुसन्धान अधिकृत, प्रदेश सरकार वा स्थानीय तहले नियुक्त गरेको राजपत्राङ्कित तृतीय श्रेणी वा सोसरहको तहमा कार्यरत अधिकृत, माध्यमिक तह तृतीय श्रेणीको शिक्षक, सहायक सेनानी |

## अनुसूची-२

(दफा ९ को उपदफा (२) सँग सम्वन्धित)

**राष्ट्रिय झण्डाको आकारको मापदण्ड**

(क) संवैधानिक निकाय तथा सरकारी कार्यालयहरूले प्रयोग गर्ने राष्ट्रिय झण्डाको आकार ८x६ फिट,

(ख) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेका संघ वा संस्थाले प्रयोग गर्ने राष्ट्रिय झण्डाको आकार ६x४ फिट,

(ग) संवैधानिक निकाय तथा सरकारी कार्यालय प्रमुखको कार्यकक्ष, गैरसरकारी संघ, संस्था तथा नेपाली नागरिकले व्यक्तिगत रूपमा प्रयोग गर्ने राष्ट्रिय झण्डाको आकार ४x३ फिट,

(घ) संवैधानिक निकाय तथा सरकारी कार्यालय प्रमुखको टेबुलमा र अति विशिष्ट तथा विशिष्ट व्यक्तिहरूले प्रयोग गर्ने सवारी साधनमा राखिने राष्ट्रिय झण्डाको आकार ३०x२० सेन्टिमिटर,

(ङ) राष्ट्रिय पर्व, राष्ट्रप्रमुख वा सरकारप्रमुखको औपचारिक भ्रमण तथा समकक्षी विदेशी पाहुनाहरूको सवारीका बखत सडकको दायाँ बायाँ र चोकमा फहराइने झण्डाको आकार ३x२.५ फिट।

## अनुसूची-३
## (दफा ९ को उपदफा (५) सँग सम्वन्धित)
## राष्ट्रिय झण्डा राख्नुपर्ने कार्यालयहरू

(क) राष्ट्रपतिको कार्यालय,

(ख) उपराष्ट्रपतिको कार्यालय,

(ग) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

(घ) सर्वोच्च अदालत,

(ङ) प्रतिनिधि सभा,

(च) राष्ट्रिय सभा,

(छ) प्रदेश प्रमुखको कार्यालय,

(ज) नेपाल सरकारको मन्त्रालय र सो मातहतका कार्यालय,

(झ) प्रदेश सरकारको मुख्यमन्त्रीको कार्यालय,

(ञ) प्रदेश सभा,

(ट) संवैधानिक निकाय,

(ठ) महान्यायाधिवक्ताको कार्यालय,

(ड) प्रदेश सरकारको मन्त्रालय र र सो मातहतका कार्यालय,

(ढ) प्रदेशस्तरीय निकाय,

(ण) विदेशस्थित नेपाली राजदूतावास तथा अन्य कूटनीतिक नियोग,

(त) नेपाल राष्ट्र बैङ्कको केन्द्रीय कार्यालय,

(थ) उच्च अदालत,

(द) जिल्ला समन्वय समितिको कार्यालय,

(ध) जिल्ला अदालत,

(न) जिल्ला प्रशासन कार्यालय,

(ऩ) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्यालय,

(प) अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय भवन तथा आगमन कक्षका भवन,र

(फ) विदेशबाट नेपालभित्र प्रवेश गर्ने राजमार्ग, जलमार्ग, सडक, गोरेटो, घोडेटोमा सबै भन्दा पहिलो स्थानमा पर्ने जुनसुकै निकाय अन्तर्गतको भए पनि पहिलो सरकारी कार्यालय, प्रहरी चौकी वा पोष्ट,

(ब) नेपाल सरकारले निर्णय गरी तोकेको अन्य कार्यालय ।

## अनुसूची -४

### (दफा १० सँग सम्वन्धित)
### राष्ट्रिय झण्डा प्रयोग गर्ने विधि

(क) कार्यालय भवनमा स्थिररूपमा राखिएको न्यूनतम ५ मिटर ८० सेन्टिमिटर (१९फिट) को अग्लो पोलमा डोरीले बाँधेर राष्ट्रिय झण्डा फहराउने।

(ख) कार्यालयको मूलद्वारबाट सामान्यतया मध्य भागमा वा बिचमा प्रष्ट देखिने गरी राष्ट्रिय झण्डा राख्ने।

(ग) राष्ट्रिय झण्डा राख्न पाउने पदाधिकारीको कार्यकक्षमा आसनको दाहिनेपट्टि कुर्सीको समानान्तरमा भुईमा नलत्रने र कतै नछुने गरी आधार (बेस) सहितको डन्डामा राख्ने।

(घ) अति विशिष्ट तथा विशिष्ट व्यक्तिले प्रयोग गर्ने सवारी साधनमा दफा ९ को उपदफा (३) बमोजिम राष्ट्रिय झण्डा राख्दा सवारी साधनको दाहिनेपट्टि अग्रभागमा ३५ सेन्टिमिटरको डन्डाको आधारमा नछुने गरी राख्ने।

(ङ) कुनै व्यक्तिले राष्ट्रिय झण्डा राख्न चाहेमा राष्ट्रिय झण्डा डन्डामा भुईंमा नलत्रने किसिमले राष्ट्रिय झण्डाको उचित सम्मान प्रकट हुने गरी ठड्याएर राख्ने।

(च) दुई वा दुईभन्दा बढी झण्डा रहेको अवस्थामा राष्ट्रिय झण्डा अग्लो गरी दाहिने (धेरै हुँदा बिचमा) झण्डोत्तोलन गर्दा सबैभन्दा पहिला राख्ने र सबै भन्दा अन्तिममा झिक्ने।

(छ) कवाज प्रदर्शनमा राष्ट्रिय झण्डाको प्रयोग हुने अवस्थामा टुकडीको अगाडि बीचमा पर्ने गरी बोक्ने, राष्ट्रिय झण्डा पछाडि विभागीय वा अन्य झण्डा राख्ने र यसरी राष्ट्रिय झण्डा बोक्दा दायाँ हात माथि र बायाँ हात तल पारेर राष्ट्रिय झण्डा सिधा हुने गरी बोक्ने।

(ज) मार्च पासको क्रममा सलामी गर्दा राष्ट्रिय झण्डा नझुकाउने तर विभागीय तथा अन्य झण्डा चलन अनुसार सलामी अवस्थामा लगी अभिवादन गर्ने।

(झ) राष्ट्रिय झण्डाको सम्मानलाई ख्याल गरी झण्डोत्तोलन गर्दा राष्ट्रिय झण्डाभित्र फूल, अविर आदि राखी पोको पार्नु वा पट्याउनुको सट्टा बेग्लै कपडामा पोको पारी खसाउने व्यवस्था गर्ने।

(ञ) कुनै व्यक्तिप्रति सम्मान व्यक्त गर्नु पर्ने भई त्यस्तो व्यक्तिको शवमा नेपाल सरकारको निर्णय बमोजिम राष्ट्रिय झण्डा ओढाउनु पर्ने अवस्थामा पीताम्बर/कफिन माथि भुईंमा नछुने गरी चन्द्रमा टाउकोतर्फ र सूर्य तलपट्टि पारी राष्ट्रिय झण्डा प्रष्ट देखिने गरी ओढाउनु पर्ने।

# व्याख्यात्मक टिप्पणी

| दफा | दफाशीर्षक | टिप्पणी |
| --- | --- | --- |
| १ | **संक्षिप्त नाम र प्रारम्भ** | यसमा ऐनको नाम "राष्ट्रिय मर्यादा सम्बन्धी ऐन,२०७९" रहेको र यसमा प्रत्यायोजित व्यवस्थापन सम्बन्धी प्रबन्ध पनि रहेको हुँदा सोका लागि नियमावली बनाउनका लागि लाग्ने समय समेतलाई मध्यनजर गरी प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुने प्रबन्ध गरिएको छ। |
| २ | **परिभाषा** | विधेयकमा विभिन्न स्थानमा प्रयुक्त केही शब्दहरूलाई परिभाषित गर्ने प्रबन्ध यसमा गरिएको छ। |
| ३ | **मर्यादाक्रम कायम हुने** | सरकारी एवं सार्वजनिक पदाधिकारी तथा राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा योगदान पुर्‍याएका अति विशिष्ट तथा विशिष्ट व्यक्ति तथा महानुभावहरूको कदर एवं सम्मानका लागि मर्यादाक्रम सम्बन्धी प्रबन्ध रहेको र यसलाई अनुसुची-१ मा उल्लेख गरिएको छ। |
| ४ | **मर्यादाको पालना गर्ने** | नेपाल राज्य वा नेपाल सरकारका नाममा स्वदेश वा विदेशमा हुने औपचारिक वा अनौपचारिक समारोह वा प्रतिनिधिमण्डल, पत्राचार वा अन्य कुनै कामकाजमा निर्धारित मर्यादाको पालना गर्दा हरेक सरकारी वा सार्वजनिक निकाय र ती निकायमा कार्यरत व्यक्तिले सरकारी एवं सार्वजनिक पदाधिकारी र राष्ट्रिय जीवनमा योगदान गरेका अति विशिष्ट तथा विशिष्ट व्यक्तिको मर्यादाक्रम सम्बन्धी, राष्ट्रिय झण्डाको प्रयोग सम्बन्धी, राष्ट्रिय गानको प्रयोग सम्बन्धी विषय र पदाधिकारीको औपचारिक सम्बोधनमा प्रयुक्त शब्दावली सम्वन्धी विषयका साथै मर्यादाको पालना गराउने |

| | | |
|---|---|---|
| | | सम्बन्धमा यसमा उल्लेख भएदेखि वाहेकका विषयमा नेपाल सरकारले आवश्यकताअनुसार निर्णय गरी तोक्न सक्ने प्रबन्ध गरिएको र यस्तो विषय लागू गर्नुपूर्व नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्ने व्यवस्था गरिएको छ। |
| ५ | **मर्यादाक्रम सम्वन्धी अन्य व्यवस्था** | एउटै क्रममा रहेका पदाधिकारीको मर्यादाक्रम, नेपाल सरकारको सेवामा पदाधिकार रहेको नेपाली राजदूत तथा महावाणिज्यदूतको मर्यादाक्रम, प्रदेश सरकार र स्थानीय तहमा खटिएको नेपाल सरकारको अधिकृतको मर्यादाक्रम, सेवानिवृत्त राष्ट्रसेवक वा पदाधिकारीको हकमा कायम हुने मर्यादाक्रम, पदाधिकारीका पति वा पत्नीलाई आमन्त्रण गरिएको औपचारिक समारोहमा निज पति वा पत्नीको समेत मर्यादाक्रम सम्बन्धी प्रबन्ध यसमा गरिएको छ। |
| ६ | **परामर्श लिनु पर्ने** | यसमा उल्लेख नभएका व्यक्तिलाई कुनै समारोहमा सम्मिलित गराउनु पर्ने अवस्था परेमा वा मर्यादाक्रमका सम्बन्धमा द्विविधा भएमा त्यस्तो निकायले नेपालीको हकमा गृह मन्त्रालय र विदेशीको हकमा परराष्ट्र मन्त्रालयसँग परामर्श लिनु पर्ने प्रबन्ध गरिएको र सम्बन्धित मन्त्रालयले यथाशक्य छिटो परामर्श प्रदान गर्नु पर्ने प्रबन्ध गरिएको छ। |
| ७ | **औपचारिक सम्बोधन सम्बन्धी व्यवस्था** | यस दफामा "सम्माननीय", "माननीय" र "महामहिम" भन्ने सम्बोधनका शब्द प्रयोग गर्नु पर्ने पदाधिकारीहरूका सम्बन्धमा खुलाइएको छ। साथै यस दफामा उल्लिखित कुनै पदाधिकारी सरह सुविधा पाउने गरी नियुक्ति वा मनोनयन भएका आधारमा वा नियुक्तिको समान योग्यताका आधारमा नियुक्ति वा मनोनयन हुने पद वा पदाधिकारीलाई यस दफा वमोजिम सम्बोधन नगरिने प्रबन्ध समेत गरिएको छ। |
| ८ | **सम्बोधन गरिने** | पदाधिकारीहरूलाई सम्बोधन गरिने शब्द पदाधिकारीको |

| | | |
|---|---|---|
| | | नामअघि नभई पदअघि प्रयोग गर्नु पर्ने प्रबन्ध यस दफामा गरिएको छ। |
| ९ | **राष्ट्रिय झण्डाको प्रयोग** | नेपालको राष्ट्रिय झण्डा प्रयोग गर्ने अधिकारप्राप्त अधिकारी, निकाय वा नेपाल राज्यको प्रतिनिधित्व हुने सरकारी वा सार्वजनिक निकायले स्वदेशमा वा विदेशमा नेपाली झण्डाको प्रयोग गर्दा सोको आकार सम्बन्धमा अपनाउनु पर्ने मापदण्डहरूका साथै राष्ट्रिय झण्डा प्रयोग गर्ने निकाय/कार्यालयहरू यसमा प्रबन्ध गरिएको छ। |
| १० | **राष्ट्रिय झण्डाको प्रयोग गर्ने विधि** | यस ऐन बमोजिमका भवन परिसरहरूमा राखिने राष्ट्रिय झण्डाहरू प्रत्येक दिन सूर्योदय भएको ५ मिनेटभित्र चढाइसक्नु पर्ने तथा सूर्यास्त हुनासाथ ओह्राली सक्नु पर्ने, तर स्थायी प्रकृतिको पोल वा स्टयाण्डमा स्थायी तवरले राखिने राष्ट्रिय झण्डा हरेक दिन चढाउन बाध्य हुनु नपर्ने प्रबन्ध राखिएको, राष्ट्रिय झण्डाको प्रयोग गर्ने विधिका सम्बन्धमा केही मुख्य प्रबन्धहरू राखिएको र राष्ट्रिय झण्डा फहराउने विधि तोकिए वमोजिम हुने प्रबन्ध गरिएको छ। |
| ११ | **राष्ट्रिय झण्डाको मर्यादा र सम्मानमा आँच नआउने गरी प्रयोग गर्नु पर्ने** | राष्ट्रिय झण्डाको मर्यादा र सम्मानमा आँच नआउने गरी सर्वसाधारण नागरिकले समेत आफ्नो निजी निवासमा राष्ट्रिय झण्डा फहराउन वा प्रयोग गर्न पाउने प्रबन्ध यसमा गरिएको छ । साथै नेपाल सरकारले शोक घोषणा गरेको दिनमा अनिवार्य रूपमा राष्ट्रिय झण्डा झुकाउनु पर्ने प्रबन्ध पनि यसमा गरिएको छ। |
| १२ | **राष्ट्रिय झण्डाको प्रयोग सम्बन्धी अन्य व्यवस्था** | संवैधानिक निकाय तथा सरकारी कार्यालय प्रमुखको कार्यकक्षभित्र, विदेशी राष्ट्राध्यक्ष वा सरकार प्रमुख नेपालमा अतिथि भई बसेको भवन, विदेशस्थित नेपाली राजदूत र अन्य कुटनीतिक नियोग प्रमुखको निजी |

| | | |
|---|---|---|
| | | निवासमा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेका निकाय वा संघ, संस्थाले प्रयोग गर्ने प्रबन्ध, प्रत्येक वर्षको संविधान दिवस र नयाँ वर्षको अवसरमा फेर्नु पर्ने, राष्ट्रिय झण्डा च्यातिएमा, बिग्रेमा, रंग उडेमा वा अन्य कारणले अशोभनीय देखिएमा यस ऐनको अधीनमा रही जुनसुकै समयमा पनि फेर्न सकिने लगायतको आवश्यक प्रबन्ध यसमा गरिएको छ। |
| १३ | **राष्ट्रिय झण्डाको प्रयोगमा निषेध** | राष्ट्रिय झण्डाको प्रयोगमा राष्ट्रिय झण्डाको अपमान हुने किसिमको कुनै पनि कार्य गर्न वा गराउन, उल्टो (चन्द्रमा तल पर्ने गरी) राख्न, राष्ट्रिय झण्डा च्यात्न, जलाउन, फ्याँक्न, कुनै सामान पोको पार्न नपाइने, तर नयाँ झण्डा फेर्ने क्रममा पहिले राखिएको झण्डाको उचित व्यवस्थापन गर्न बाधा नपर्ने प्रबन्ध गरिएको छ। साथै व्यापारिक प्रयोजनका लागि विज्ञापनको उद्देश्यले राष्ट्रिय झण्डाको दुरुपयोग गर्न, व्यक्तिले आफ्नो शरीरमा राष्ट्रिय झण्डाको प्रतीक टाँस्दा, छाप्दा वा लगाउँदा कम्मरभन्दा माथिको भाग बाहेक अन्यत्र लगाउन वा यसरी प्रयोग गर्दा चन्द्रमा तल पर्ने गरी लगाउन, शरीरको छातीभन्दा तलको भागमा लगाइने कुनै पनि भित्री/बाहिरी कपडामा राष्ट्रिय झण्डाको प्रतीक/चित्र राख्न वा फहराउने प्रकृतिको (राष्ट्रिय झण्डा ओह्रालेर राख्दा बाहेक) कार्यमा बाहेक अन्यत्र राष्ट्रिय झण्डाको प्रयोग गर्न यस दफाद्वारा निषेध गर्ने प्रबन्ध गरिएको छ। |
| १४ | **राष्ट्रिय गानको प्रयोग** | राष्ट्रिय उत्सव, विभिन्न औपचारिक कार्यक्रम, विभागीय (फौजी) सामेली, सैन्य सम्मान, विद्यार्थी प्रार्थना, खेलकुद समारोह, रेडियो र टेलिभिजनमा राष्ट्रिय गानको प्रयोग अनिवार्यरुपमा गर्नु पर्ने र राष्ट्रिय गानको प्रयोग सम्वन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुने प्रबन्ध यसमा गरिएको छ। |

| | | |
|---|---|---|
| १५ | **राष्ट्रिय गानको सम्मान** | औपचारिक तथा विशेष समारोह र नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका कुनै पनि निकाय वा कार्यालय, गैरसरकारी संघ, संस्था तथा कुटनीतिक नियोगहरूले आयोजना गरेका औपचारिक कार्यक्रमहरूमा राष्ट्रिय गान गाउँदा वा राष्ट्रिय धुन बजाउँदा अति विशिष्ट तथा विशिष्ट व्यक्ति वा सार्वजनिक ओहोदामा पदाधिकार रहेका वा नरहेका सर्वसाधारण सबैले हात तल झारी, खुट्टाका कुर्कुच्चा जोडी अगाडिका औंलातिरका दुई खुट्टाले V आकार बनाएर सतर्क अवस्थामा उभिएर शीर ठाडो गरी, छाती फराकिलो पारी उच्च र उल्लासपूर्ण आवाजमा राष्ट्रिय गान गाउनु पर्ने, तर फरक शारीरिक क्षमताले युक्त अपाङ्गता भएका व्यक्तिको हकमा निजको शारीरिक अवस्था अनुसार सम्मान प्रकट गर्न यस दफाले बाधा पुऱ्याएको मानिने प्रबन्ध यसमा गरिएको छ। यसका लाथै राष्ट्रिय गान गाउँदा वा राष्ट्रिय धुन बजाउँदा सुरक्षा निकायका राष्ट्रसेवकहरूले विभागीय प्रचलन अनुसार उचित सम्मान प्रकट गर्नु पर्ने, विभिन्न राष्ट्रिय दिवसहरूमा सम्मान अर्पण गर्दा र अति विशिष्ट तथा विशिष्ट व्यक्तिहरूलाई राजकीय सम्मानका साथ अन्तिम सलामी प्रदान गर्दाको समयमा राष्ट्रिय धुन बजाउँदा बमोजिम सम्मान गर्नु पर्ने, व्यक्तिगतरूपमा सार्वजनिक स्थलहरूमा यात्रा गर्दाको समयमा कुनै पनि माध्यमबाट राष्ट्रिय गान तथा धुन बजाए वा गाएको अवस्थामा बाहेक विभिन्न समारोह तथा कार्यक्रमको दिन र सोको पूर्वअभ्यास (रिहर्सल) को समयमा राष्ट्रिय गान तथा धुन बज्दा सम्मान गर्नु पर्ने प्रबन्ध यसमा गरिएको छ। |
| १६ | **राष्ट्रिय धुन** | संघीय संसदका सभा, प्रदेश सभाका बैठक शुरु हुनुअघि राष्ट्रिय गानमा प्रयोग भएको मूल राष्ट्रिय धुन बजाइने, राष्ट्रिय धुन बज्दा वा बजाउँदा राष्ट्रिय गान सरहकै सम्मान प्रकट गर्नु पर्ने प्रबन्ध गरिनुका साथै सुरक्षा निकायका |

| | | |
|---|---|---|
| | | कार्यक्रममा राष्ट्रिय धुनको प्रयोग गर्दा राष्ट्रिय गानको मूल धुनसँग मिल्ने गरी आफ्नै फौजी व्याण्डको प्रयोग गरी बजाउन सकिने प्रबन्ध यसमा गरिएको छ। |
| १७ | **सम्मान प्रकट गर्नु पर्ने** | संवैधानिक एवं सार्वजनिक ओहदामा बहाल रहेका पदाधिकारी र नेपाल राज्यसँग दौत्य सम्बन्ध भएका मित्रराष्ट्रका राष्ट्राध्यक्ष वा सरकार प्रमुखको औपचारिक भ्रमणका क्रममा विदेश प्रस्थान गर्नुअघि र त्यस्तो भ्रमण सम्पन्न भई स्वदेश फर्कंदा  नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल नेपालद्वारा सलामी दिइने प्रबन्धका साथै राष्ट्रियस्तरमा मनाइने दिवस तथा अन्य समारोह वा राष्ट्रप्रमुखको विशेष सम्बोधनको क्रममा वा राष्ट्रपति वा अन्य विशिष्ट व्यक्तिको उपस्थितिको अन्य अवसरमा सलामी दिन सकिनेछ प्रबन्ध यसमा गरिएको छ साथै यस दफामा उल्लेख भएदेखि बाहेक सलामी अर्पण गर्ने र सलामी ग्रहण गर्ने अन्य पदाधिकारीहरूका सम्बन्धमा र सो सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने प्रबन्ध यसमा गरिएको छ। |
| १८ | **अन्तिम सम्मान प्रकट गरिने** | संवैधानिक एवं सार्वजनिक ओहदामा बहाल रहेका पदाधिकारी र नेपाल राज्यसँग दौत्य सम्बन्ध भएका मित्रराष्ट्रका राष्ट्राध्यक्ष वा सरकार प्रमुखको निधनमा अन्तिम सम्मानस्वरूप नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल नेपालद्वारा सलामी अर्पण गरी अन्तिम सम्मान गरिने, पदमा बहाल रहेका राष्ट्रपतिको निधन भएकोमा अन्तिम सलामीको क्रममा एक्काइस तोपको सलामी दिई तीन दिन सार्वजनिक विदा दिइने र उक्त अवधिभर राष्ट्रिय झण्डा आधा झुकाइने, राष्ट्रपति बाहेकका अति विशिष्ट पदमा बहाल रहेका व्यक्तिको निधन भएकोमा अन्तिम सलामीको क्रममा उन्नाइस तोपको सलामी दिई एक दिन सार्वजनिक विदा दिइने र उक्त |

| | | |
|---|---|---|
| | | अवधिभर राष्ट्रिय झण्डा आधा झुकाइने, पदमा वहाल रहेका नेपाल सरकारका उपप्रधानमन्त्री, उपसभामुख, राष्ट्रिय सभाका उपाध्यक्ष, नेपाल सरकारका मन्त्री, राज्यमन्त्री, सर्वोच्च अदालतका न्यायाधिश, संवैधानिक निकायका प्रमुख, सहायक मन्त्रीको निधन भएकोमा अन्तिम सलामी दिई एक दिन सार्वजनिक विदा दिइने र उक्त अवधिभर राष्ट्रिय झण्डा आधा झुकाइने, पदमा बहाल रहेका संघीय संसदका सदस्य, नेपाल सरकारका मुख्य सचिव, संघीय संसदका महासचिव, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार, प्रधानसेनापति एवं सरकारी सेवामा बहाल रहेका विशिष्ट श्रेणीका पदाधिकारीको निधन भएमा अन्तिम सलामी अर्पण गरी सम्बन्धित निकाय र सो मातहतका निकायमा एक दिन राष्ट्रिय झण्डा आधा झुकाइने प्रबन्धका साथै पदमा बहाल रहेका संघीय संसदका सदस्यको निधन भएकोमा तत्पश्चात्को प्रतिनिधि सभा र राष्ट्रिय सभाको बैठकमा शोक प्रस्ताव पारित गरी सो दिनको बैठक स्थगित गरिने र पूर्वसासदको निधन भएकोमा निधनको जानकारी प्राप्त भएपछिको बैठकको अन्त्यमा शोक प्रस्ताव पारित गर्न सकिने, शोक प्रस्ताव पारित भएकोमा त्यस्तो शोक प्रस्तावको व्यहोरा उल्लेख गरी सम्बन्धित परिवारको निकट सदस्य समक्ष उपलब्ध गराइने व्यवस्था यसमा गरिएको छ। तत्काल पदमा बहाल नरहेका पूर्व अति विशिष्ट तथा विशिष्ट पदाधिकारी एवं राष्ट्रिय जीवनमा योगदान पुर्‍याएका महानुभावको निधन भएकोमा नेपाल सरकारले निर्णय गरी आवश्यकतानुसार सम्मान र शोक प्रकट गर्न सक्ने, यस दफामा उल्लेख भएदेखि बाहेक नेपाल सरकार अन्तर्गतका केन्द्रीय निकायले निर्णय गरी आफ्ना बहालवाला वा पूर्वपदाधिकारीको निधनमा सम्बन्धित निकाय र मातहतका कार्यालयमा लागू हुने गरी सलामी अर्पण गर्न वा सम्मान एवं शोक घोषणा गर्न सक्ने व्यवस्थाका साथै पदमा बहाल रहेका प्रदेशप्रमुख, |

| | | |
|---|---|---|
| | | मुख्यमन्त्री, प्रदेश सभामुख वा प्रदेश तहका अन्य पदाधिकारीको निधन भएकोमा सम्मान र शोक प्रकट गर्ने सम्बन्धमा सम्बन्धित प्रदेशले आवश्यक बनाउन वा निर्णय गर्न सक्ने व्यवस्था यसमा गरिएको छ। |
| १९ | **शोक प्रकट गर्न सकिने** | नेपालसँग दौत्य सम्बन्ध कायम भएका विदेशी मित्रराष्ट्रका राष्ट्राध्यक्ष वा सरकार प्रमुखको निधन भएकोमा नेपाल सरकारको निर्णय बमोजिम सम्मान र शोक प्रकट गर्न वा शोक सन्देश पठाउन सक्ने व्यवस्था यसमा गरिएको छ। |
| २० | **कसुर गरेको मानिने** | राष्ट्रिय झण्डा, राष्ट्रिय गान र मर्यादाक्रमको अपमान हुने गरी, निजी उद्देश्य प्राप्तिका लागि वा गलत अर्थ प्रवाह हुने गरी असान्दर्भिक तवरले राष्ट्रिय झण्डा, राष्ट्रिय गान र मर्यादाक्रमको प्रयोग गर्न नहुने र गरेमा यस ऐन बमोजिम कसुर गरेको मानिने प्रबन्ध यसमा गरिएको छ। |
| २१ | **सजाय** | कसैले यस ऐन बमोजिमको कुनै कार्य नगरेमा वा ऐन बमोजिमको काम गर्न बाधा अवरोध सिर्जना गरेमा सम्वन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले त्यस्तो व्यक्तिलाई पहिलो पटक भए सम्झाई, बुझाई आगामी दिनमा यसो नगर्न सुझाउने छ र कसैले पुनः सोही कसुर गरेमा कसुरको गाम्भीर्यता हेरी प्रमुख जिल्ला अधिकारीले दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्ने प्रबन्ध यसमा गरिएको छ। साथै यस्तो कसुर गर्ने व्यक्तिलाई आफू समक्ष उपस्थित हुन सूचना दिँदा स्वयं उपस्थित नभएमा प्रमुख जिल्ला अधिकारीले कसुर गर्ने व्यक्ति रहेको क्षेत्रको प्रहरी कार्यालयलाई निजलाई नियन्त्रणमा लिई उपस्थित गराउन आदेश दिन सक्ने प्रबन्ध गरिनुका साथै यस ऐन विपरीतको कसुर गरेको आधारमा मात्र कसैलाई थुनामा भने नराखिने प्रबन्ध यसमा गरिएको छ। |
| २२ | **विभागीय सजाय हुने** | सरकारी सेवामा रहेको कर्मचारीबाट दफा २१ |

| | | |
|---|---|---|
| | | वमोजिमको कसुर भएमा निजलाई प्रमुख जिल्ला अधिकारीले विभागीय कारबाहीका लागि सम्वन्धित निकायमा लेखी पठाउने प्रबन्धका साथै सरकारी सेवामा रहेका कर्मचारी बाहेकका सार्वजनिक पद धारण गरेका व्यक्तिले सोही प्रकृतिको कसुर गरेमा सम्बन्धित निकायमा अभिलेख रहने गरी प्रमुख जिल्ला अधिकारीले लेखी पठाउने प्रबन्ध यसमा गरिएको छ। |
| २३ | **पुनरावेदन** | दफा १९ बमोजिमको कसुरमा प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने सरकारी सेवामा रहेको व्यक्तिले पैंतीस दिनभित्र सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्ने प्रबन्ध यसमा गरिएको छ। |
| २४ | **राष्ट्रिय झण्डा, राष्ट्रिय गान र मर्यादाक्रमको सम्मान गर्नु पर्ने** | राष्ट्रिय झण्डा, राष्ट्रिय गान र मर्यादाक्रमको सम्मान गर्नु प्रत्येक नागरिकको कर्तव्य हुने प्रबन्ध यसमा गरिएको छ। |
| २५ | **आधार मान्नु पर्ने** | सार्वजनिक ओहोदामा बहाल रहेका पदाधिकारी वा पदसोपानमा आधारित सरकारी सेवामा बहाल रहेका पदाधिकारीहरुले पाउने सुविधा निर्धारण गर्दा यस ऐन वमोजिमको मर्यादाक्रमलाई आधार लिनु पर्ने प्रबन्ध यसमा गरिएको छ। |
| २६ | **गृह मन्त्रालयको स्वीकृति बमोजिम हुने** | यस ऐनमा राष्ट्रिय झण्डाको प्रयोग सम्बन्धमा उल्लेख नभएको अन्य अवस्थाका सम्बन्धमा गृह मन्त्रालयको सूचना, स्वीकृति वा परामर्श बमोजिम हुने प्रबन्ध यसमा गरिएको छ। |
| २७ | **अनुगमन गर्ने** | प्रमुख जिल्ला अधिकारीले आफ्नो क्षेत्रभित्र यस ऐन बमोजिम राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग भए, नभएको सम्बन्धमा नियमित रुपमा अनुगमन गर्ने र अनुगमन गर्ने क्रममा कसैले राष्ट्रिय झण्डाको मर्यादा विपरीत प्रयोग गरेको पाइएमा प्रमुख जिल्ला अधिकारीले |

| | | |
|---|---|---|
| | | मर्यादा अनुसार प्रयोग गर्न लगाउन वा प्रयोगमा रोक लगाउन सक्नेछ। |
| २८ | **ऐन कार्यान्वयन मापन** | पछिल्ला मूल ऐनहरूमा राखिने  गरिएको स्थापित मान्यता बमोजिम यो ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र तत्पश्चात प्रत्येक पाँच वर्ष पूरा भएको एक वर्षभित्र गृह मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्ने र सोको प्रतिवेदन संघीय संसदको दुवै सदनको सम्बन्धित समितिमा पेश गर्नु पर्ने प्रबन्ध यसमा गरिएको छ। |
| | बचाउ | यो ऐन प्रारम्भ हुनुअघि कायम रहेको मर्यादाक्रम, राष्ट्रिय गान, राष्ट्रिय झण्डाको प्रयोग र अति विशिष्ट तथा विशिष्ट पदाधिकारीको सम्बोधनमा प्रयुक्त शब्दावली यसै ऐन वमोजिम प्रयोग भए गरेको मानिने प्रबन्ध यसमा गरिएको छ। |

# प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

| क्र. सं. | दफा/ उपदफा /खण्ड | नियम बनाउन सकिने प्रावधान | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | ४(३) | मर्यादाको पालना गराउने सम्बन्धमा यस ऐनमा उल्लेख भएदेखि वाहेकका विषयमा तोकिए बमोजिम हुनेछ। | नेपाल राज्य वा नेपाल सरकारका नाममा स्वदेश वा विदेशमा हुने औपचारिक वा अनौपचारिक समारोह वा प्रतिनिधिमण्डल, पत्राचार वा अन्य कुनै कामकाजमा निर्धारित मर्यादाको पालना गर्ने सन्दर्भमा सरकारी वा सार्वजनिक निकाय र ती निकायमा कार्यरत व्यक्तिले ध्यान दिनु पर्ने विषयहरू यसमा उल्लेख भएको भए तापनि अन्य थप विषय पनि देखिएमा नियमावलीमा व्यवस्थित गर्न सक्ने प्रबन्ध गर्दा सहज हुने भएकोले। | मर्यादाको पालना सम्बन्धी कार्य थप व्यवस्थित भई कार्यमा सहजता हुने। |
| २. | १०(३) | राष्ट्रिय झण्डा फहराउने विधि तोकिए वमोजिम हुनेछ। | राष्ट्रिय झण्डाको प्रयोग गर्ने विधि अनुसूची ४ मा व्यवस्थित गरिएको, तर राष्ट्रिय झण्डा फहराउने विधिका सम्बन्धमा भने यकिन नभएको हुँदा यो प्रक्रियागत विषयमा नियमावलीमा व्यवस्थित गर्न सक्ने प्रबन्ध गर्नु परेकोले। | राष्ट्रिय झण्डा प्रयोग गर्ने विधिभित्र फहराउने विधि पनि समाविष्ट भई कार्यान्वयनमा प्रभावकारिता हुने। |
| ३. | १४(२) | राष्ट्रिय गानको प्रयोग सम्वन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ। | राष्ट्रिय उत्सव, विभिन्न औपचारिक कार्यक्रम, विभागीय (फौजी) सामेली, सैन्य सम्मान, विद्यार्थी प्रार्थना, खेलकुद समारोह, रेडियो र टेलिभिजनमा | यसबाट राष्ट्रिय गानको प्रयोग गर्नु पर्ने अन्य अवसरहरू समेत देखिएमा सोको लागि थप कानूनी प्रबन्ध भई |

| | | | | |
|---|---|---|---|---|
| | | | राष्ट्रिय गानको प्रयोग अनिवार्यरूपमा गर्नु पर्ने प्रबन्ध यसमा भएकोमा थप अन्य अवस्थाहरू पनि देखिएमा सोको कानूनी प्रबन्ध गर्न सहजता हुने भएकोले। | कार्यान्वयनमा प्रभावकारिता वृद्धि हुने। |
| ४. | १७(४) | यस दफामा उल्लेख भएदेखि बाहेक सलामी दिने र सलामी ग्रहण गर्ने अन्य पदाधिकारीहरूका सम्बन्धमा र सो सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | संवैधानिक एवं सार्वजनिक ओहदामा बहाल रहेका पदाधिकारी र नेपाल राज्यसँग दौत्य सम्बन्ध भएका मित्रराष्ट्रका राष्ट्राध्यक्ष वा सरकार प्रमुखको औपचारिक भ्रमण, अति विशिष्ट व्यक्तिको राजकीय भ्रमण, राष्ट्रियस्तरमा मनाइने दिवस तथा अन्य समारोह वा राष्ट्रप्रमुखको विशेष सम्बोधनको क्रममा सलामी दिनु पर्ने प्रबन्ध यसमा गरिएको साथै सलामी दिनु पर्ने अन्य अवसरहरू पनि देखिएमा सोको प्रबन्ध गर्न सहजताको लागि यो व्यवस्था गरिएको। | यसबाट सलामी दिने र सलामी ग्रमण गर्ने अन्य पदाधिकारीहरूका सम्बन्धमा स्पष्टता भई कार्यान्वयनमा प्रभावकारिता वृद्धि हुने। |
| ५ | २९ | यो ऐनको कार्यान्वयनका लागि नेपाल सरकारले नियम बनाई लागू गर्न सक्नेछ । | यस विधेयकका व्यवस्था गरिएका तोकिए वमोजिमका प्रत्यायोजित प्रवन्धहरुलाई नियम बनाई लागू गर्न नेपाल सरकारलाई अधिकार प्रदान गर्न आवश्यक परेकोले । | ऐन कार्यान्वयन सहजता हुने । |